राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

(२०७९ कात्तिकदेखि २०७९ पुस मसान्तसम्म केन्द्रीय कार्यालयबाट सम्पादन गरिएका प्रमुख क्रियाकलापहरू)

प्रकाशन गर्ने

दुर्गा पोखरेल
सहायक सूचना अधिकारी

झङ्करबहादुर रावल
सूचना अधिकारी

१. आयोगको स्वरूप र प्रकृति :

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । नेपालको संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष र ४ जना सदस्य रहने व्यवस्था छ । राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ । राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील तथा पीडितमुखी संस्था हो । आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित हुन्छन् । मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि आयोगले सरकार, राज्यका अन्य अङ्गहरू तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

२. आयोगको काम, कर्तव्य र अधिकार :

मानव अधिकारको संरक्षण र संवर्द्धन आयोगको प्रमुख कार्य हो । नेपालको संविधानको धारा २४९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दसी-प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा विनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ ।

२.१ आयोगका पदाधिकारीहरु :

माननीय श्री तप बहादुर मगर - अध्यक्ष

माननीय श्री डा.सूर्य प्रसाद शर्मा ढुंगेल - सदस्य

माननीय श्री मिहिर ठाकुर - सदस्य

माननीय श्री मनोज दुवाडी - सदस्य

माननीय श्री लिली थापा - सदस्य

२.२ आयोगका पदाधिकारीहरुको कार्यविभाजन :

मा. श्री तप बहादुर मगर (अध्यक्ष)	**मा. श्री डा.सूर्य प्र. शर्मा ढुंगेल** (सदस्य)	**मा. श्री मिहिर ठाकुर** (सदस्य)	**मा. श्री मनोज दुवाडी** (सदस्य)	**मा. श्री लिली थापा** (सदस्य)
-अर्थ, प्रशासन -संवैधानिक निकाय -दातृ निकाय र अन्तर्राष्ट्रिय सम्बन्ध -कार्य विभाजनमा नपरेका सबै विषय	-सामूहिक अधिकारहरु -सङ्क्रमणकालीन न्याय -नागरिक समाजसँग सहकार्य -UPR, SDGs सम्बन्धी	-रणनीति, योजना र कार्यान्वयन -अनुगमन सम्बन्धी -उपभोक्ता, व्यवसाय र मानव अधिकार	-अनुसन्धान -आयोगको सिफारिस कार्यान्वयन -कानून पुनरावलोकन, परामर्श र वातावरण सम्बन्धी	-प्रवर्द्धन, मानव अधिकार शिक्षा -सन्धि अनुगमन र सरकारी निकायसँग सम्बन्ध -महिला, बालबालिका र आप्रवासन -मानव बेचविखन विरुद्धको विषय

३. आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण :

आयोगको केन्द्रीय कार्यालयका अतिरिक्त ६ वटा प्रदेश कार्यालय, ३ वटा प्रदेश शाखा कार्यालय र एउटा प्रदेश कार्यालय (प्रस्तावित) मा गरी जम्मा ३०९ जना कर्मचारीको दरबन्दी रहको छ । दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्नबमोजिम छ :

क्र.सं.	श्रेणी/**तह**	**पद**	**जम्मा दरवन्दी**	**पदपूर्ति सङ्ख्या**
१	विशिष्ट श्रेणी	सचिव	१	-
२	रा.प. प्रथम श्रेणी	सह-सचिव	९	६
३	रा.प. द्वितीय श्रेणी	उप-सचिव	२०	१५
४	रा.प. तृतीय श्रेणी	अधिकृत	१०७	७७

५	सहायक प्रथम	सहायक प्रथम	५८	३२
६	श्रेणीविहीन	सहायक कर्मचारी	११४	९८
	जम्मा		**३०९**	**२२८**

आयोगको साङ्गठनिक संरचना :

राष्ट्रिय मानव अधिकार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्यसहित ५ जना पदाधिकारीहरू रहन्छन् । प्रशासनिक प्रमुखको रुपमा एकजना सचिव रहने आयोगमा सचिव मातहत ४ वटा विभाग, ७ वटा प्रदेश कार्यालय र ३ वटा प्रदेश शाखा कार्यालय छन् भने विभाग अन्तर्गत १४ वटा महाशाखा र मानव अधिकार प्रशिक्षण प्रतिष्ठान रहेका छन् ।

आयोगका विभागहरू :

१. संरक्षण विभाग :

यस विभाग अन्तर्गत अनुसन्धान महाशाखा, अनुगमन महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र कानून महाशाखा रहेका छन् ।

२. संवर्द्धन विभाग :

यस विभाग अन्तर्गत संवर्द्धन महाशाखा, सामूहिक अधिकार महाशाखा र लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा रहेका छन् ।

३. प्रशासन, योजना तथा अर्थ विभाग :

यस विभाग अन्तर्गत योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा, प्रशासन महाशाखा र आर्थिक प्रशासन महाशाखा र अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा रहेका छन् ।

४. समन्वय विभाग :

यस विभाग अन्तर्गत वैठक समन्वय महाशाखा, प्रदेश कार्यालय समन्वय महाशाखा, सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा र मानव अधिकार प्रशिक्षण प्रतिष्ठान रहेका छन् ।

(अ) महाशाखाहरुले सम्पादन गर्ने कार्यहरू :

(क) कानून महाशाखा

- कानून पुनरावलोकनसम्बन्धी कार्य गर्ने,
- मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन गर्ने
- आयोगलाई विपक्षी बनाई दर्ता भएका मुद्दामा बहस-पैरवी गर्ने,
- आवश्यक कानूनी मस्यौदा तयार गर्ने,
- कानूनी परामर्श प्रदान गर्ने,

- आयोगले तोकेका कानूनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

(ख) अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अवस्थाको अनुगमन गर्ने,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी अनुगमन गर्ने,
- विश्वव्यापी आवधिक समीक्षासम्बन्धी अनुगमन गर्ने,
- महासन्धि अनुमोदनको लागि आयोगले गर्ने सिफारिससम्बन्धी कार्य गर्ने,
- राज्यले तयार गरेको State Report उपर सुझाव तयार गर्ने,
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन गर्ने ।

(ग) अनुसन्धान महाशाखा

- मानव अधिकार उल्लङ्घनसम्बन्धी उजूरी ग्रहण गर्ने,
- मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान/अनुगमन गर्ने,
- अनुसन्धान सम्पन्न भइसकेका उजुरीहरु निर्णयार्थ आयोगमा पेश गर्ने,
- निर्णय लेखन गर्ने,
- मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगको निर्णयबमोजिम पत्राचार/ताकेता गर्ने,
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरू गर्ने ।

(घ) संवर्द्धन महाशाखा

- मानव अधिकार शिक्षासम्बन्धी कार्यक्रम गर्ने,
- मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने,
- मानव अधिकारसम्बन्धी वकालतको कार्य गर्ने,
- मानव अधिकारका विषयमा सूचनामूलक/शिक्षामूलक सामग्रीको निर्माण तथा वितरण गर्ने,
- मानव अधिकारसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग समन्वय/सहकार्यसम्बन्धी कार्य गर्ने ।

(ङ) लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा

- लैङ्गिक तथा समाजिक विभेद हटाउन पहल गर्ने,
- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरवी गर्ने,
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृत समुदायको सहभागितामा अभिवृद्धि गर्न पहल गर्ने,
- महिला विरूद्ध हुने हिंसा तथा सीमान्तीकृत समुदायको मानव अधिकार हनन् विरूद्धमा कार्य गर्ने,
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि गर्ने,
- महिला तथा समाजिक रूपमा पछाडि पारिएका समुदायको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थासँग सहकार्य समन्वय गर्ने ।

(च) सामूहिक अधिकार महाशाखा

- सामूहिक अधिकार (आदिवासी जनजाति, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, जातीय विभेद विरुद्धको अधिकार, मानसिक स्वास्थ्य, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, HIV प्रभावित आदि...) को प्रवर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला तथा प्रशिक्षण गर्ने,

- सामूहिक अधिकारको अवस्थाका सम्बन्धमा अनुगमन गर्ने,
- सामूहिक अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्यहरू गर्ने,
- कानून महाशमखासँगको समन्वयमा सामूहिक अधिकारको सुनिश्चितताका लागि कानून पुनरावलोकनसम्बन्धी आवश्यक कार्य गर्ने ।

(छ) योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा

- रणनीतिक योजना निर्माण गर्ने,
- वार्षिक कार्यक्रम र योजना तयार गर्ने,
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने,
- चौमासिक प्रगति प्रतिवेदन तयार गर्ने,
- प्रगति समीक्षा कार्यक्रम गर्ने,
- कार्यक्रम र योजनाका सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गर्ने,
- आयोगको नीति तर्जुमा गर्ने ।

(ज) प्रशासन महाशाखा

- आयोगको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- कार्यालय व्यवस्थापन र सरसफाइसम्बन्धी कार्य गर्ने, गराउने,
- सार्वजनिक खरिदसम्बन्धी कार्य गर्ने,
- आयोग अन्तर्गतका भौतिक साधनहरूको अनुगमन तथा निरीक्षण गर्ने र आवश्यकतानुसार मर्मत सम्भार तथा रेखदेख गर्ने, गराउने,
- आयोगको सवारी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- दैनिक र भैपरी आउने अन्य कामहरू गर्ने ।

(झ) आर्थिक प्रशासन महाशाखा

- आयोगको वार्षिक बजेट निर्माण गर्ने,
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदानसम्बन्धी कार्य गर्ने,
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण र वेरूजु फछ्यौंटसम्बन्धी कार्य गर्ने,
- दातृ संस्थाबाट आएको बजेटको छुट्टै हिसाव तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तीय स्रोत तथा असरसम्बन्धी अभिलेखन गर्ने ।

(ञ) अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

- अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी काम गर्ने,
- APF, UN Agencies र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग समन्वय गर्ने,
- कुटनीतिक नियोगसँग आवश्यक समन्वय गर्ने ।

(ट) सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

- आयोगका सूचनालाई सञ्चार माध्यम समक्ष पुऱ्याउने,
- प्रेस विज्ञप्ति/ प्रेस नोट तयार गर्ने,

- पत्रकार सम्मेलनको तयारी गर्ने,
- मानव अधिकारपत्र सम्पादन गर्ने,
- मानव अधिकारसम्बन्धी समाचारको अनुगमन गर्ने,
- Server System र कम्प्युटर मर्मत गर्ने,
- आयोगका Facebook, Twitter, Website Update गर्ने,
- आयोगका कर्मचारीहरूको विद्युतीय हाजिरीको रेकर्ड राख्ने,
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटका सम्बन्धमा सहयोग गर्ने,
- सूचना प्रविधिसम्बन्धी नीति र योजनाको निर्माण तथा कार्यान्वयन गर्ने,
- CMRS प्रणाली सञ्चालनसम्बन्धी कार्य गर्ने,
- आयोगको वार्षिक प्रतिवेदन तयार गर्ने,
- मानव अधिकारसम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य गर्ने,
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशनहरुसम्बन्धी कार्य गर्ने ।

(ठ) प्रदेश कार्यालय समन्वय महाशाखा

- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच समन्वय गर्ने,
- प्रदेश तथा प्रदेश शाखा कार्यालयको मासिक प्रतिवेदन सङ्कलन र विश्लेषण गर्ने,
- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पुऱ्याउने ।

(ड) वैठक समन्वय महाशाखा

- मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि पहल गर्ने,
- आन्तरिक र बाह्य समन्वय गर्ने,
- आयोगको वैठकका प्रस्ताव तथा माइन्यूट तयार गर्न सचिवालयलाई सहयोग गर्ने ।

४. आयोगबाट प्रदान गरिने सेवा :

- मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरूबारे नेपाल सरकारलाई सिफारिस गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रवर्द्धन गर्ने,
- मानव अधिकारसम्बन्धी कानूनहरूको पुनरावलोकन गरी सुधारका लागि सिफारिस गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकारसम्बन्धी अन्य कार्यहरू गर्ने ।

५. आयोगका विभागीय प्रमुख/ महाशाखा प्रमुखहरु

सि.नं.	विभाग/ महाशाखा	प्रमुखको नाम	पद
१	प्रशासन, योजना तथा अर्थ विभाग	डा. टीकाराम पोखरेल	सह-सचिव
२	संरक्षण विभाग	दीपक जङ्गध्वज कार्की	सह-सचिव

३	संवर्द्धन विभाग	नवराज सापकोटा	सह-सचिव
४	समन्वय विभाग	सम्झना शर्मा	सह-सचिव
५	अनुसन्धान महाशाखा	श्यामबाबु काफ्ले	उप-सचिव
६	अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा	मोहनदेव जोशी	उप-सचिव
७	अनुगमन महाशाखा	-	-
८	सामूहिक अधिकार महाशाखा	बुद्धनारायण सहनी	उप-सचिव
९	योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा	सन्तोष आचार्य	उप-सचिव
१०	वैठक समन्वय महाशाखा	विरबहादुर बुढा	उप-सचिव
११	कानून महाशाखा	झंकरबहादुर रावल	उप-सचिव
१२	लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा	नीतु गड्तौला	उप-सचिव
१३	प्रशासन महाशाखा		
१४	आर्थिक प्रशासन महाशाखा	जितेन्द्र कार्की	लेखा अधिकृत
१५	संवर्द्धन महाशाखा	सरिता ज्ञवाली	उप-सचिव
१६	सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा	चन्द्रकान्त चापागाईं	उप-सचिव
१७	अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा	कमल थापा क्षेत्री	मा.अ.अ.
१८	प्रदेश कार्यालय समन्वय महाशाखा	रमेशकुमार थापा	मा.अ.अ.
१९	मानव अधिकार प्रशिक्षण प्रतिष्ठान	दिपेन्द्रबहादुर सिंह	मा.अ.अ.

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- १० पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रू. ५/-(पाँच) दस्तुर लाग्ने,
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने,
- आयोगका प्रकाशनहरू निःशुल्क वितरण हुने,
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक-फरक हुने ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- आयोगमा परेका उजूरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरूका सम्बन्धमा आयोगले निर्णय गर्ने,
- नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयमा सचिवबाट निर्णय हुने ।

८. निर्णय उपर उजूरी सुन्ने अधिकारी :

- नीतिगत तहमा माननीय अध्यक्ष श्री तप बहादुर मगर
- प्रशासनिक तहमा का.मु. सचिव श्री मुरारिप्रसाद खरेल

९. सम्पादन गरिएका कामको विवरण :
(२०७९ कात्तिकदेखि २०७९ पुस मसान्तसम्म)

९.१. अनुसन्धानसम्बन्धी कार्यहरू :

९.२. अन्तर्राष्ट्रिय सन्धि अनुगमनसम्बन्धी कार्यहरू

- प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मानव अधिकारका दृष्टिकोणबाट प्रभावकारी अनुगमन गर्ने प्रयोजनका लागि निर्वाचन आयोग, सुरक्षाकर्मी, पत्रकार, विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधि लगायतसँग अन्तरक्रिया एवम् छलफल कार्यक्रमहरु सम्पन्न गरेको ।
- प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अनुगमनका लागि विभिन्न जिल्लाहरुमा खटिएका टोलीहरुबाट प्राप्त तथ्यसहितका प्रतिवेदनहरुको अध्ययन गरी निर्वाचन अनुगमनसम्बन्धी एकिकृत प्रतिवेदन तयार पारेको ।
- काठमाडौँ महानगरपालिकाद्वारा थापाथलीस्थित सुकुम्बासी बस्तीका घर टहराहरु खालि गराउने क्रममा भएको झडपको स्थलगत अनुगमन गरेको ।
- पाँचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यन्वयन अवस्था सम्बन्धमा सुदूरपश्चिम प्रदेशको धनगढीमा कार्ययोजनासँग सरोकार राख्ने विभिन्न सरोकारवालाहरुसँग प्रदेशस्तरीय छलफल कार्यक्रम सम्पन्न गरेको ।
- नेपाल विद्युत प्राधिकरणले MCC परियोजनासँगको सहकार्यमा काठमाडौँ जिल्लाको शंखरापुर नगरपालिका स्थित बोजेनी भन्ने स्थानमा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत वितरणका लागि निर्माण गर्न लागेको सबस्टेशन र प्रसारण लाईनको विरोधमा स्थानीय समुदायद्वारा गरिएको प्रदर्शनको स्थलगत अनुगमन गरेको ।
- मानव अधिकारसँग सम्बन्धित समाचार र विषयहरुका सम्बन्धमा विभिन्न सञ्चारमाध्यामहरुको अनुगमन(Desk Monitoring) गरेको ।

९.३. संवर्द्धनात्मक कार्यहरू :

- अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने सन्दर्भमा तयारी छलफल सम्पन्न गरी कार्यविभाजन गरिएको ।
- मङ्सिर २४ गते सम्माननीय प्रधानमन्त्रीज्युको प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने कार्यक्रम सम्पन्न ।
- आयोगको प्रबर्द्धनसम्बन्धी नीतिको मस्यौदा तयार गरिएको ।

९.४. लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यहरू:

- बैकल्या (बालविधवा) सम्बन्धी अध्ययनका लागि मधेश प्रदेशको सिरहा जिल्लामा मिति २०७९ मङ्सिर २७ गतेदेखि २०७९ पुस ४ गतेसम्म अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गरिएको ।

- लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सन्दर्भमा मिति २०७९ मङ्सिर ९ गते लैगिंक हिंसाविरूद्ध ऐक्यबद्धता र प्रतिबद्धता जनाउने कार्यक्रम र मिति २०७९ मङ्सिर १२ गते आयोगको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनको अवस्थासम्बन्धमा आयोगका केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयका कर्मचारी र आयोगका पदाधकारीहरुको सहभागीतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी प्रतिवेदन तयार गरिएको ।
- संयुक्त राष्ट्रसंघीय सीड कमिटिमा पेश गर्ने सीडको प्रतिवेदनको तयारीका लागि आवश्यक सूचना सङ्कलन साथै सिफारिस कार्यान्वन अवस्था सम्बन्धमा अध्ययन भैरहेको ।
- संयुक्त राष्ट्रसंघीय सीड कमिटिमा पेश गर्ने सीडको प्रतिवेदनको तयारीका लागि आवश्यक सुचना संकलन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग परामर्श तथा अन्तरक्रिया कार्यक्रम(प्रदेश नं १ को खोटाङ जिल्ला स्तरीय र विराट नगरमा प्रदेश स्तरीय) साथै मधेश प्रदेशको रौतहटमा जिल्ला स्तरीय) कार्यक्रम सम्पन्न भएका छन् । यसै क्रममा धरान उपमहानगरपालिका, एकलमहिला समुहसंग भेटघाट तथा छलफल समेत गरिएको छ र प्रतिवेदन तयारी को क्रममा छ । उक्त कार्यक्रम रणनीतिक योजना सहयोग परियोजनाको सहयोगमा सम्पन्न गरिएको छ ।
- प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको अनुगमनमा निर्वाचनको दिन मंसीर ४ गते लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाका कर्मचारी काठमाडौ र ललितपुरमा खटिई अनुगमन गरिएको ।
- आयोगले निर्वाचनमा मानव अधिकार अवस्था अनुगमनको क्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा सञ्चार अनुगमन गरी तथ्याङ्क सङ्कलन गरिएको ।
- बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुको अनुसन्धानलाई प्रभावकारी बनाउने सम्बन्धमा विषयगत माननीयको निर्देशानुसार श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुको अनुसन्धानलाई प्रभावकारी बनाउने विषयमा मिति २०७९/९/२० गते पत्रचार गरेको छ ।
- मिति २०७९/८/२५ गते टोखास्थित सामुदायिक विद्यालयमा शिक्षकबाट छात्रा माथि दुर्व्यवहार भएको भन्ने घटनाको सम्बन्धमा बाल अधिकार परिषदसँग संयुक्त रुपमा अनुगमन गरी संक्षिप्त प्रतिवेदन सहित बाँकी कारबाहीको लागि अनुसन्धान महाशाखा मार्फत आयोगको बागमती प्रदेश कार्यालयमा विद्युतिय माध्यमबाट प्रतिवेदन पठाइएको ।

९.५ योजना तथा नीतिसम्बन्धी कार्यहरू :

क्र.स.	कार्यक्रम
१.	अर्थ मन्त्रालयसँग निर्वाचनमा मानव अधिकार अवस्था अनुगमनको लागि आवश्यक बजेट को लागि आवश्यक समन्वय ।
२.	मिति २०७९ पुस ५ गते आयोगको छैठौ रणनीतिक योजना २०२१–२६ मा तोकिएको कार्यान्वयन समितिको बैठक बसी विभिन्न निर्णयहरु गरिएको ।
३.	मिति २०७९ पुस ७ गते आयोगको छैठौ रणनीतिक योजना २०२१–२६ को प्रथम बर्षको कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा कार्यक्रम सम्पन्न ।
४	मिति २०७९ पुस ७ र ८ गते संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा संचालित रणनीतिक योजना सहयोग परियोजनाले सन् २०२२ मा सम्पादन गरेका कार्यक्रमहरुको समीक्षा गरी सन् २०२३ मा गर्ने कार्यक्रमहरुको तर्जुमा गर्ने सम्बन्धमा कार्यक्रम सम्पन्न ।
५	मिति २०७९ पुस ८ गते APF, OHCHR, UNDP को सहयोगमा सन् २०१३ मा मानव अधिकार संस्थाहरुको क्षमता मुल्यांकनका लागि तय गरिएका ८ वटा सिद्धान्तमा आधारित रहेर गरीएको यस आयोगको क्षमता मूल्यांकन प्रतिवेदनको सम्बन्धमा छलफलका विषयवस्तुहरु प्रस्तुत गरिएको ।

९.६ सामूहिक अधिकारसम्बन्धी कार्यहरू :

आदिवासी जनजातिको अधिकार

- मिति २०७९/०७/१५ गते लोपोन्मूख राउटे आदिवासी जनजातिहरुको अवस्था अध्ययन सम्बन्धमा आयोगमा छलफल सम्पन्न
- मिति २०७९/०९/०४ गते देखि २०७९/०९/१३ गते सम्म सुनसरी र सिरहा जिल्ला मा मध्यवर्ती क्षेत्र वरिपरि बसोबास गर्ने आदिवासी जनजाति तथा अन्य नागरिकको अधिकारको अवस्थाको र व्यवसायिक तथा मनोरञ्जनात्मक क्षेत्र (डान्सबार, होटल, रेष्टुरेन्ट, दोहरी साँझ, मसाजपार्लर, डिस्को आदी) हरुमा कार्यरत श्रमिकहरुको अवस्था तथा मानव बेचबिखनको जोखिमका अवस्था सम्बन्धमा अनुगमन गर्ने कार्य सम्पन्न भएको ।
- विद्युत प्राधिकरणले अपर तामाकोशीको सबस्टेशन राख्ने सम्बन्धमा स्थानिय समुदायको विरोधको क्रममा सुरक्षाकर्मी (सेना प्रहरी) बाट भएको ज्यादती सम्बन्धमा मेयर, वडा अध्यक्ष र नेपाल प्रहरी फोन मार्फत समन्वय गरी जानकारी लिने कार्य गरिएको ।

अपाङ्गता भएका व्यक्तिको अधिकार

- मिति २०७९।८।१८ गते राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रिय कार्यालयमा राष्ट्रिय मानव अधिकार आयोगको अपाङ्गतामैत्री परीक्षण प्रतिबेदन सार्वजनिकीकरण छलफल कार्यक्रम सम्पन्न ।
- मिति २०७९।८।२६गते राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रिय कार्यालय ललितपुरमा रा.मा.अ.आ. र कोशिश नेपालको सहकार्यमा मानव अधिकार तथा मानसिक स्वास्थ्य अवस्था सम्बन्धमा सरोकारवालाविच छलफल कार्यक्रम
- मिति २०७९।९।२५ गते रा.मा.अ.आ.केन्द्रिय कार्यालय पुल्चोक, ललितपुरको सभाहलमा अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच अवरोध प्रतिबेदनको अन्तिम मस्यौदामाथि छलफल कार्यक्रम
- अपागंता भएका व्यक्तिको अधिकार अवश्थामा राष्ट्रिय अपाङ्ग महासंघ ४ पटक र कोशिस नेपालसँग दुई पटक बैठक अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच प्रतिबेदन र पहुँचयुक्त संरचनाको परिक्षणको प्रतिबेदनमाथि छलफल भएको ।
- अपाङ्गतामैत्री भौतिक संरचनाको प्रतिबेदन सार्वजनिकीरकण लागि अपाङ्गमहासंघ नेपालसँग मिटिङ्ग बसेको । कार्यक्रमको तयारी, फोन सम्पर्क, इमेल,
- मानव अधिकार मानसिक अवस्था सम्बन्धमा सरोकारवाला वीच छलफल कार्यक्रमको तयारी गर्दा कोशिस नेपालसँग बैठक बसेको ,
- करिव ५० जना भन्दा बढीलाई पत्राचार, इमेल, फोन सम्पर्क गर्ने काम ।
- अपागता भएका व्यक्तिहरको न्यायमा पहुँच प्रतिबेदनको प्रकाशनका लागि प्रतिबेदन मस्यौदाको रुजू गर्ने काम ।

मानव बेचविखन

- मिति २०७९/०९/०४ गते देखि २०७९/०९/१३ गते सम्म सुनसरी र सिरहा जिल्ला मा व्यवसायिक तथा मनोरञ्जनात्मक क्षेत्र (डान्सबार, होटल, रेष्टुरेन्ट, दोहरी साँझ, मसाजपार्लर, डिस्को आदी) हरुमा कार्यरत श्रमिकहरुको अवस्था तथा मानव बेचबिखनको जोखिमका अवस्था सम्बन्धमा अनुगमन गर्ने कार्य सम्पन्न भएको ।

विकास र मानव अधिकार

- मिति २०७९/०७/३०विकास र मानव अधिकार सम्बन्धी प्रतिवेदन लेखन सम्पन्न गरेको ।
- विकास र मानव अधिकार सम्बन्धी प्रतिवेदन प्रकाशन गर्न विकास र मानव अधिकार सम्बन्धी प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य गरिरहेको ।
- काठमाडौं जिल्लामा मिति २०७९।०९।२४ गते शंखरापुरा न.पा.-३,बोझेनी, काठमाडौंमा माथिल्लो तामाकोशी जलविद्युत सवस्टेसन तथा विद्युत प्रसारण लाइन विस्तारसँग सम्बन्धित कार्यमा मानव अधिकार अवस्था आकस्मिक अनुगमनमा मा.अ.अ. किरणकुमार बराम र सहायक प्रथम डेगराज भट्टराई खटिगएको र प्रतिवेदन तयार गरी आयोगमा बुझाइएको ।

वातावरणको अधिकार

- काभ्रे जिल्ला नमोवुद्ध नगरपालिका फूलबारी स्थित निर्माणाधिन हिमालय रिसोर्ट एण्ड स्पा कम्पनीले डिप बोरिङ गर्दा उद्योग संचालनको लागि गरेको क्ष्भ्भ प्रतिवेद अनुसार उद्योग

संचालन नगरी डिप बोरिङ गरेको हुँदा पानीको स्थानीय मूल सुक्न सक्ने हुनाले स्थानीय जनताले पानी प्रयोग गर्ने कुरामा समस्या श्रृजना हुन सक्ने विषयमा आयोगमा जानकारी प्राप्त भएको हूँदा उक्त विषयमा आवश्यक जानकारी माग गर्न पत्राचार गरी स्थलगत अनुगमन गरी रिपोर्ट तयार ।

- सुनसरी जिल्ला साविक सिमरिया गा.वि.स. वडा नं २ मा रहेको प्रिमियर स्टील प्रा.लि.उद्योगले स्थानीय बासीहरुलाई असर पर्ने गरी उद्योग संचालन गरेको गरेको प्रतिवेदन अनुसार नगरी सम्मानजनक वाँच्न पाउने जीवनको अधिकार हनन भएको भन्दै उद्योग संचालन गर्न रोकी पाउँ भनि केन्द्रिय कार्यलयमा उजुरी आएको र यस विषयमा आवश्यक काम कारबाहीका लागि विराटनगर कार्यालय ,वातावरण विभाग,उद्योगमा पत्राचार ।

व्यवसाय र मानव अधिकार

- मिति २०७९/०७/०३ गते कर्णाली प्रदेशका दुर्गम पहाडी तथा हिमाली जिल्लामा विपद्जन्य घटनाका कारण अवरुद्ध सडकमार्ग र नियमित हवाई सेवा हुन नसकी मानव अधिकारमा परेको असर सम्बन्धमा नेपाल नागरिक उढ्ययन प्राधिकारणका महानिर्देशक लगायतसँग छलफल तथा सो सम्बन्धमा प्रेस विज्ञप्ति जारी विपद्मा हवाई सुविधा निरन्तर गर्न सहजीकरण गर्न प्रेस विज्ञप्ति जारी भएको ।
- काठमाडौं जिल्लाको नयाँ वानेश्वर स्थिति इन्द्रेणी क्मलेक्समा मिति २०७९/०८/२७ व्यवसाय र मानव अधिकार सम्बन्धी सरकारी निकायका प्रतिनिधि र गैरसरकारी संघसंस्थाको प्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- उद्योगी व्यवसायीहरुले देशव्यापी गरिरहेको आन्दोलनहरुको प्रदेश र तथा प्रदेश शाखा कार्यालयबाट भएका प्रारम्भिक अनुगमनका प्रतिवेदन संकलन तथा समन्वय गरेको ।

आप्रवासी कामदारको अधिकार

- आप्रवासी कामदारहरुको मानव अधिकार अवस्थासम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको ।

श्रमिकको अधिकार

- नेपालमा श्रमिकको अधिकार सम्बन्धी अध्ययनको लागि अवधारणाको अन्तिम मस्यौदा र प्रश्नावली तयार भएको ।

युवा अधिकार

- युवा र मानव अधिकार विषयमा अवस्था रिपोर्टका लागि डेस्क मोनिटरिङ ,आवश्यक सूचना तथा तथ्याङ्क संकलन ।

९.७ कानूनसम्बन्धी कार्यहरू :

- आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दामामिलाका सम्बन्धमा आवश्यक कार्य गरेको,
- कानूनी राय प्रदान गरेको ।
- आयोगसँग सम्बन्धित निर्देशिका तथा नियमावलीको मस्यौदा सम्बन्धी कार्य गरेको ।

९.८ बैठक समन्वयसम्बन्धी कार्यहरू :

- २०७९/०७/१६ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्बन्धमा संवैधानिक आयोगहरुबीच समन्वय र सहकार्य गर्नेबारे विषयगत आयोगहरुका अध्यक्षज्यूहरुबीच आयोजित वैठक माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न ।
- २०७९/०७/०४ गते नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान अधिकृत र सशस्त्र प्रहरी उपनिरीक्षकहरुसँग प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको सुरक्षाको विषयमा आयोजित वैठक माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न ।
- २०७९/०८/१८ गते अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धमा राष्ट्रिय अपाङ्ग महासंघसँगद्वारा आयोजित कार्यक्रममा माननीय अध्यक्ष उपस्थित भई मन्तव्य प्रदान ।
- २०७९/०८/२२ गते 14th Human Rights National Magna Meet 2022 कार्यक्रम उपराष्ट्रपति नन्द बहादुर पुनज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएकोमा माननीय अध्यक्षज्यूको समेत उपस्थिति रहेको ।
- २०७९/०८/२६ गते कोशिस नेपालको आयोजनामा मानव अधिकार तथा मानसिक स्वास्थ्य अवस्थाबारे सरोकारवालाहरुबीच आयोजित छलफल कार्यक्रममा माननीय अध्यक्षज्यू उपस्थित भई मन्तव्य प्रदान ।
- २०७९/०९/१३ गते राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) तथा सिविन नेपालको समन्वयमा सञ्चालित बालबालिका राष्ट्रिय गौरव हुन् अवधारणामाथि छलफल कार्यक्रम माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न ।
- २०७९/०९/१४ गते जागरण मिडिया सेन्टरद्वारा आयोजित दलितको मानव अधिकारको अवस्था सम्बन्धमा आयोजित कार्यक्रमा माननीय अध्यक्षज्यू प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य प्रदान ।

९.९ प्रशासनिक कार्यहरू :

- आयोगको सभाहलमा हुने कार्यक्रमको व्यवस्थापन गर्ने गरेको ।
- कर्मचारीहरुको हाजिरी तथा विदाको रेकर्डहरु राख्ने कार्य गरेको ।
- विभिन्न मर्मतसम्बन्धी कार्यहरु गरेको ।
- खरिदसम्बन्धी कार्य गरेको ।
- कार्यालयको सरसफाई सम्बन्धि कार्य गरेको ।
- आ.व.२०७८/०७९ को सम्पत्ति विवरण संकलन गरी राष्ट्रिय सर्तकता केन्द्रको Web site मा प्रविष्टी गर्ने कार्य गरेको ।
- आ.व.२०७९/८० का लागि बस्तु तथा सेवा खरिदको लागि सुचीकृत फर्महरु संकलन गरी अन्तिम लिष्ट तयार गरेको ।
- पदाधिकारीहरु र कर्मचारीहरुको आन्तरिक हवाई टिकटको व्यवस्थापन गरेको ।

- आ.व.२०७८/७९ को कार्यसम्पादन फारम संकलन गरी सम्बन्धित विभागीय प्रमुखलाई पेश गरेको ।

९.१० सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्यहरू :

प्रेस विज्ञप्ति/प्रेस नोट

	विज्ञप्तिको शीर्षक	मिति	
१	कर्णालीमा यातायात तथा हवाईसेवालाई सहज बनाउन आग्रह ।	**प्रेस-विज्ञप्ति** ३ कात्तिक, २०७९	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
२	सुरक्षा निकायका प्रमुखहरुसँग छलफल	**प्रेस-नोट** ४ कात्तिक,२०७९	नागरिक तथा राजनीतिक अधिकार
३	कालिकोटमा भएको बम विष्फोटको घटनाको आयोगद्वारा अनुगमन शुरू	**प्रेस-नोट** १५कात्तिक,२०७९	नागरिक तथा राजनीतिक अधिकार/बाल अधिकार
४	मतदानपूर्वको मानव अधिकार अवस्थाको आयोगद्वारा अनुगमन स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यमा भूमिका खेल्न सबै पक्षलाई आग्रह ।	**प्रेस-विज्ञप्ति** २ मङ्सिर,२०७९	नागरिक तथा राजनीतिक अधिकार
५	प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको आयोगद्वारा अनुगमन	**प्रेस-विज्ञप्ति** ४ मङ्सिर,२०७९	नागरिक तथा राजनीतिक अधिकार
६	विस्तृत शान्ति सम्झौताको १६ वर्ष : कार्यान्वयनको अवस्था अझै चुनौतिपूर्ण । सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्गोमा पुर्‍याउन आग्रह ।	**प्रेस-विज्ञप्ति** ६ मङ्सिर,२०७९	सङ्क्रमणकालीन न्यायको अधिकार
७	बाजुरा घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान शुरू	**प्रेस-नोट** ९ मङ्सिर,२०७९	नागरिक तथा राजनीतिक अधिकार
८	आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश	**प्रेस-नोट** २१ मङ्सिर,२०७९	
९	मुद्दा फिर्तासम्बन्धी अध्यादेशमा आयोगको पत्राचार	**प्रेस-नोट** २६ मङ्सिर,२०७९	नागरिक तथा राजनीतिक अधिकार

१०	आपराधिक घटनाका दोषीलाई उन्मूक्ति दिई दण्डहीनतालाई प्रश्रय नदेऊ !	**प्रेस-विज्ञप्ति** २८ मङ्सिर,२०७९	नागरिक तथा राजनीतिक अधिकार

- मानव अधिकार जर्नल (संवाहक) प्रकाशन समितिको बैठक बसी २१औं अङ्कका लागि प्राप्त लेखहरु रिभ्यु गर्न प्रक्रिया अगाडि बढाउने र लेखकहरुको परिचय तथा बैंक विवरण संकलन गर्ने कार्य गरिएको ।
- आयोगबाट आयोजना गरिएका विभिन्न ४ वटा मानव अधिकारसम्बन्धी प्रबर्धनात्मक कार्यक्रमहरुमा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिएको ।
- मिति २०७९/७/२ र ४ गते मानव अधिकार र सञ्चारसम्बन्धी कार्यशाला सम्पन्न गरिएको ।
- वार्षिक प्रतिवेदन पूर्ण र संक्षिप्त प्रकाशन ।
- मिति २०७९/९/३ र ४ गते आयोगमा सूचना तथा अभिलेख केन्द्रको स्थापना सम्बन्धमा परामर्श तथा कार्यशालाको आयोजना गर्न आवश्यक संयोजन गरिएको ।
- प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको क्रममा मानव अधिकार अनुगमनका लागि महाशाखाका प्रमुख जुम्ला र मुगु जिल्लामा खटिई गएको । अन्य कर्मचारीहरु केन्द्रीय कार्यालयमा बसी नियमितरुपमा सूचना संकलन गर्ने र आवश्यकता अनुसार प्रेस विज्ञप्तिहरु तयार गरी सञ्चार माध्यममा सम्प्रेषण गरिएको ।
- आयोगको वार्षिक प्रतिवेदनलाई थप परिमार्जन गर्ने सन्दर्भमा महाशाखा, विभाग तथा सचिवज्युको उपस्थितिमा बैठकहरुको आयोजना गरी छलफल तथा निर्णयहरु गरिएको । साथै, बैठकको निर्णयबमोजिम संवैधानिक निकायका प्रतिवेदनहरु संकलन तथा अध्ययन गर्ने कार्यको प्रारम्भ गरिएको ।
- आयोगका महाशाखाहरु, प्रदेश कार्यालय तथा प्रदेश शाखा कार्यालयहरुबाट पठाइने मासिक प्रतिवेदनहरुमा एकरुपता ल्याउन एवम् मानव अधिकार अवस्था खुल्नेगरी प्रतिवेदन तयार गर्न आवश्यक समन्वयको कार्य गरिएको ।
- मानव अधिकार पत्र प्रकाशनका लागि समाचारहरु संकलन तथा सम्पादन कार्य गरिएको ।
- प्रेस विज्ञप्तिहरुको संगालो प्रकाशनको तयारी गरिएको ।
- आयोगको CMRS सफ्टवयेर पुनः निर्माण र विकासको सम्बन्धमा चरणबद्ध रुपमा वैठक सञ्चालन गरी आवश्यकताको पहिचान (System Requirement Analysis) गर्ने कार्य गरिएको ।
- आयोगको नयाँ CMRS सफ्टवयेरको System Design Report तयार गरिएको ।
- आयोगको वेभसाइट अपाङ्गमैत्री बनाउन आवश्यक कार्य भईरहेको ।
- आयोगको Data Center मा रहेका Servers र IT Infrastructure को दैनिक रुपमा परीक्षण र मर्मतसम्भार कार्य गरिएको ।
- आयोगले जारी गरिएको प्रेस विज्ञप्ती, प्रेस नोट, रिपोर्ट, मानव अधिकार पत्र, सम्बाहक आदि आयोगको वेभसाइट तथा समाजिक सञ्जालमा अपलोड गरिएको ।

- कार्यक्रममा खिचिएको तस्विर तथा भिडियोहरु आयोगका वेवसाइट तथा समाजिक सञ्जालमा अपलोड गर्ने ।
- भर्चुअल बैठक सञ्चालन ।
- सूचना प्रविधिसम्बन्धी नीति र योजनको निर्माण तथा कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक कार्य भइरहेको ।
- सूचना प्रविधिसम्बन्धी विभिन्न समस्याहरुको समाधान गर्ने (IT and Troubleshooting)

९.११. अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी कार्यहरू :

९.१२.प्रदेश कार्यालय समन्वयसम्बन्धी कार्यहरू :

- प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को रुपन्देही, कपिलवस्तु र दाङ जिल्लामा मतदान पूर्व को मानव अधिकारको अवस्था मिति २०७९।०८।२७ गते देखि २०७९।०८।०६ गते सम्म अनुगमन कार्य सम्पन्न गरिएको थियो ।
- प्रदेश कार्यालय समन्वय महाशाखाको स्वीकृत बार्षिक कार्यक्रम शिर्षक नम्बर २.७.७.१.१५४. प्रदेश तथा प्रदेश शाखा कार्यालयको काममा एकरुपता तथा समन्वयको लागि प्रदेश कार्यालय अनुगमन र छलफल कार्यक्रम लुम्बिनी प्रदेश कार्यालय बुटवलमा मिति २०७९।०९।२८ गते कार्यालयमा कार्यरत कर्मचारीहरुविच छलफल, सुझाव प्राप्त र अनुगमन कार्य सम्पन्न गरिएको थियो ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

- श्री मुरारिप्रसाद खरेल–का.मु.सचिव
- प्रवक्ता : डा. श्री टीकाराम पोखरेल–सहसचिव
- सूचना अधिकारी : श्री झङ्करबहादुर रावल–उपसचिव

११. ऐन, नियम वा निर्देशिकाको सूची :

- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९
- राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७२
- राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७१
- अन्य विभिन्न निर्देशिका तथा नीतिहरू ।

१२. खर्चको फाँटवारी

कार्यालय कोड नं.: २१४००३४०१

खर्चको फाटवारी

कार्तिक महिनाको

म. ले. प. फा. न. २१०

वार्षिक बर्ष:- २०७९/८०

बजेट उपशीर्षक : राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४००११३]

वर्गीकरण सङ्केत नं	खर्चशिर्ष सङ्केतको नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११	पारिश्रमिक कर्मचारी	७३,०७९,०००.००	०.००	१४,७९२,९७३.५७	१०,११९,४०२.००	२४,९३४,३७५.५७	०.००	२४,९३४,३७५.५७	४८,१४४,६२४.४३
२११२१	पोशाक	१,३६०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,३६०,०००.००
२११३२	महंगी भत्ता	३,२६४,०००.००	०.००	४४८,९८६.३०	४२२,०००.००	८७०,९८६.३०	०.००	८७०,९८६.३०	२,३९३,०१३.७०
२११३४	कर्मचारीको बैठक भत्ता	११२,०००.००	०.००	१४,०००.००	२०,०००.००	३४,०००.००	२०,०००.००	१४,०००.००	७८,०००.००
२११३९	अन्य भत्ता	८५,०००.००	०.००	१०,०००.००	५,०००.००	१५,०००.००	०.००	१५,०००.००	७०,०००.००
२११९२	योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च	४६७,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४६७,०००.००
२११९३	योगदानमा आधारित बीमा कोष खर्च	६५३,०००.००	०.००	८४,१९७.२६	८४,४००.००	१६८,५९७.२६	०.००	१६८,५९७.२६	४८४,४०२.७४
२२११९	पानी तथा बिजुली	१,४२५,०००.००	०.००	२८९,२८०.००	७२,००६.५०	३६१,२८६.५०	०.००	३६१,२८६.५०	१,०६३,७९३.५०
२२११२	संचार महसुल	१,३९४,०००.००	०.००	१५५,९६२.३५	६०,२१७.२०	२१६,१७९.५५	०.००	२१६,१७९.५५	१,१७७,८२०.४५
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	३,६०८,०००.००	०.००	१,११२,२१५.८३	६२५,२६४.५४	१,८१७,४८०.३७	०.००	१,८१७,४८०.३७	१,७९०,५१९.६३
२२२१३	सवारी साधन मर्मत खर्च	२,७८२,०००.००	०.००	१,०१५,३४४.१७	०.००	१,०१५,३४४.१७	०.००	१,०१५,३४४.१७	१,७६६,६५५.८३
२२२१४	बिमा तथा नवीकरण खर्च	१,८००,०००.००	०.००	१,११५,७५७.५५	४१०,०००.००	१,५१५,७५७.५५	४१०,०००.००	७०५,७५७.५५	६८४,२४२.४५
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	३००,०००.००	०.००	७७,८६८.३०	०.००	७७,८६८.३०	०.००	७७,८६८.३०	२२२,१३१.७०
	कुल जम्मा	१३१,८३४,०००.००	२५,६१३,०९९.२३	१४,२६२,८७४.६४	३१,८७५,८१३.८७	१,०६५,०००.००	३८,८१०,८९३.८७	९१,९५८,१०६.१३	
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)	०.००							

...य सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	२००,०००.००	०.००	४,३००.००	३८,४२०.००	४२,७२०.००	०.००	४२,७२०.००	१५७,२८०.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	२,८५०,०००.००	०.००	१,४४५,५७५.९०	३४,७८०.००	१,४८०,३५५.९०	२५,०००.००	१,४५५,३५५.९०	१,३६९,६४४.१०
२२३१३	पुस्तक तथा सामग्री खर्च	२००,०००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	१८९,७००.००
२२३१४	इन्धन - अन्य प्रयोजन	१४०,०००.००	०.००	०.००	८१,०००.००	८१,०००.००	८१,०००.००	०.००	५९,०००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१,७८०,०००.००	०.००	४,१५०.००	५,१००.००	९,२५०.००	०.००	९,२५०.००	१,७७०,७५०.००
२२४११	सेवा र परामर्श खर्च	२००,०००.००	०.००	८१,३६०.००	४०,६८०.००	१२२,०४०.००	०.००	१२२,०४०.००	७७,९६०.००
२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	१,८००,०००.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	१,४४२,०१६.००
२२४१३	करार सेवा शुल्क	२२२,०००.००	०.००	४२,०००.००	२८,०००.००	७०,०००.००	०.००	७०,०००.००	१५२,०००.००
२२५२२	कार्यक्रम खर्च	११,३२०,०००.००	०.००	२८४,८८०.००	७१४,१४७.३४	९९९,०२७.३४	५२९,०००.००	४७०,०२७.३४	१०,३२०,९७२.६६
२२५२९	विविध कार्यक्रम खर्च	८५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	८५०,०००.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४००,०००.००
२२६१२	भ्रमण खर्च	४७६,०००.००	०.००	५६,८०४.००	११०,४६२.००	१६७,२६६.००	०.००	१६७,२६६.००	३०८,७३४.००
२२७११	विविध खर्च	१,७११,०००.००	०.००	९५३,१२०.००	११७,०१५.०६	१,०७०,१३५.०६	०.००	१,०७०,१३५.०६	६४०,८६४.९४
२८१४२	घर भाडा	१९,३५६,०००.००	०.००	३,२२५,९६०.००	१,६१२,९८०.००	४,८३८,९४०.००	०.००	४,८३८,९४०.००	१४,५१७,०६०.००
	कुल जम्मा	१३१,८३४,०००.००	०.००	२५,६१३,०१९.२३	१४,२६२,८७४.६४	३९,८७५,८९३.८७	१,०६५,०००.००	३८,८१०,८९३.८७	९१,९५८,१०६.१३
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)								

तयार गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

प्रमाणित गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

राष्ट्रिय मानव अधिकार आयोग
कार्यालय कोड नं.: २१४००३४०१

खर्चको फाटवारी
मंसिर महिनाको

म. ले. प. फा. न. २१०

आर्थिक बर्ष:- २०७९/८०
बजेट उपशीर्षक राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४०००११३]

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११	पारिश्रमिक कर्मचारी	७३,०७९,०००.००	०.००	२४,९३४,३७५.५७	५,१७०,४५६.२०	३०,१०४,८३१.७७	०.००	३०,१०४,८३१.७७	४२,९७४,१६८.२३
२११२१	पोशाक	१,३६०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,३६०,०००.००
२११३२	महंगी भत्ता	३,२६४,०००.००	०.००	८७०,९८६.३०	२१२,०००.००	१,०८२,९८६.३०	०.००	१,०८२,९८६.३०	२,१८१,०१३.७०
२११३४	कर्मचारीको बैठक भत्ता	११२,०००.००	०.००	३४,०००.००	७०,०००.००	१०४,०००.००	०.००	१०४,०००.००	८,०००.००
२११३९	अन्य भत्ता	८५,०००.००	०.००	१५,०००.००	०.००	१५,०००.००	०.००	१५,०००.००	७०,०००.००
२१२१२	योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	४६७,०००.००	०.००	०.००	१०१,३७१.२०	१०१,३७१.२०	०.००	१०१,३७१.२०	३६५,६२८.८०
२१२१३	योगदानमा आधारित बीमा कोष खर्च	६५३,०००.००	०.००	१६८.५९७.२६	४२,४००.००	२१०,९९७.२६	०.००	२१०,९९७.२६	४४२,००२.७४
२२१११	पानी तथा बिजुली	१,४२५,०००.००	०.००	३६१,२८६.५०	६५,९३६.००	४२७,२२२.५०	०.००	४२७,२२२.५०	९९७,७७७.५०
२२११२	संचार महसुल	१,३९४,०००.००	०.००	२१६,१७९.५५	५७,२६७.२०	२७३,४४६.७५	०.००	२७३,४४६.७५	१,१२०,५५३.२५
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	३,६०८,०००.००	०.००	१,८१७,४८०.३७	३४२,६७८.१०	२,१६०,१५८.४७	०.००	२,१६०,१५८.४७	१,४४७,८४१.५३
२२२१३	सवारी साधन मर्मत खर्च	२,७८२,०००.००	०.००	१,०१५,३४४.१७	८६,५१०.०९	१,१०१,८५४.२६	०.००	१,१०१,८५४.२६	१,६८०,१४५.७४
२२२१४	बिमा तथा नवीकरण खर्च	१,८००,०००.००	०.००	१,११५,७५७.५५	१०३,४०३.२४	१,२१९,१६०.७९	८०,०००.००	१,१३९,१६०.७९	५८०,८३९.२१
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	३००,०००.००	०.००	७७,८६८.३०	१६,१९२.९०	९४,०६१.२०	०.००	९४,०६१.२०	२०५,९३८.८०
	कुल जम्मा	१३१,८३४,०००.००	०.००	३९,८७५,८९३.८७	९,०७७,९७३.६३	४८,९५३,८६७.५०	४४४,०००.००	४८,५०९,८६७.५०	८२,८८०,१३२.५०

अन्तिम बजेटको तुलना (%प्रतिशतमा)

२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	२००,०००.००	०.००	४२,७२०.००	०.००	४२,७२०.००	०.००	४२,७२०.००	१५७,२८०.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	२,८५०,०००.००	०.००	१,४८०,३५५.९०	२४,९२७.८०	१,५०५,२८३.७०	२५,०००.००	१,४८०,२८३.७०	१,३४४,७१६.३०
२२३१३	पुस्तक तथा सामग्री खर्च	२००,०००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	१८९,७००.००
२२३१४	इन्धन - अन्य प्रयोजन	१४०,०००.००	०.००	८१,०००.००	०.००	८१,०००.००	८१,०००.००	०.००	५९,०००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१,७८०,०००.००	०.००	९,२५०.००	०.००	९,२५०.००	०.००	९,२५०.००	१,७७०,७५०.००
२२४११	सेवा र परामर्श खर्च	२००,०००.००	०.००	१२२,०४०.००	४०,६८०.००	१६२,७२०.००	०.००	१६२,७२०.००	३७,२८०.००
२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	१,८००,०००.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	१,४४२,०१६.००
२२४१३	करार सेवा शुल्क	२२२,०००.००	०.००	७०,०००.००	१४,०००.००	८४,०००.००	०.००	८४,०००.००	१३८,०००.००
२२५२२	कार्यक्रम खर्च	११,३२०,०००.००	०.००	९९९,०२७.३४	७८६,६२७.९०	१,७८५,६५५.२४	२५८,०००.००	१,५२७,६५५.२४	९,५३४,३४४.७६
२२५२९	विविध कार्यक्रम खर्च	८५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	८५०,०००.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४००,०००.००
२२६१२	भ्रमण खर्च	४७६,०००.००	०.००	१६७,२६६.००	२३,४५८.००	१९०,७२४.००	०.००	१९०,७२४.००	२८५,२७६.००
२२७११	विविध खर्च	१,७११,०००.००	०.००	१,०७०,१३५.०६	३०७,०८५.००	१,३७७,२२०.०६	०.००	१,३७७,२२०.०६	३३३,७७९.९४
२८१४२	घर भाडा	१९,३५६,०००.००	०.००	४,८३८,९४०.००	१,६१२,९८०.००	६,४५१,९२०.००	०.००	६,४५१,९२०.००	१२,९०४,०८०.००
	कुल जम्मा	१३१,८३४,०००.००	०.००	३९,८७५,८९३.८७	९,०७७,९७३.६३	४८,९५३,८६७.५०	४४४,०००.००	४८,५०९,८६७.५०	८२,८८०,१३२.५०
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)								

तयार गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

प्रमाणित गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

राष्ट्रिय मानव अधिकार आयोग

कार्यालय कोड नं: २१४००३४०१

खर्चको फाटवारी

पुष महिनाको

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

म. ले. प. फा. न. २१०

आर्थिक वर्ष:- २०७९/८०

बजेट उपशीर्षक : राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४०००११३]

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११	पारिश्रमिक कर्मचारी	७३,०७९,०००.००	०.००	३०,१०४,८३१.७७	०.००	३०,१०४,८३१.७७	०.००	३०,१०४,८३१.७७	४२,९७४,१६८.२३
२११२१	पोशाक	१,३६०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,३६०,०००.००
२११३२	महंगी भत्ता	३,२६४,०००.००	०.००	१,०८२,९८६.३०	०.००	१,०८२,९८६.३०	०.००	१,०८२,९८६.३०	२,१८१,०१३.७०
२११३४	कर्मचारीको बैठक भत्ता	११२,०००.००	०.००	१०४,०००.००	२,०००.००	१०६,०००.००	२,०००.००	१०४,०००.००	६,०००.००
२११३९	अन्य भत्ता	८५,०००.००	०.००	१५,०००.००	४३,०००.००	५८,०००.००	३८,०००.००	२०,०००.००	२७,०००.००
२१२१२	योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	४६७,०००.००	०.००	१०१,३७१.२०	०.००	१०१,३७१.२०	०.००	१०१,३७१.२०	३६५,६२८.८०
२१२१३	योगदानमा आधारित बीमा कोष खर्च	६५३,०००.००	०.००	२१०,९९७.२६	०.००	२१०,९९७.२६	०.००	२१०,९९७.२६	४४२,००२.७४
२२१११	पानी तथा बिजुली	१,४२५,०००.००	०.००	४२७,२२२.५०	११०,३३९.०५	५३७,५६१.५५	०.००	५३७,५६१.५५	८८७,४३८.४५
२२११२	संचार महसुल	१,३९४,०००.००	०.००	२७३,४४६.७५	५६,९१२.२०	३३०,३५८.९५	०.००	३३०,३५८.९५	१,०६३,६४१.०५
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	३,६०८,०००.००	०.००	२,१६०,१५८.४७	६४६,६५०.४०	२,८०६,८०८.८७	०.००	२,८०६,८०८.८७	८०१,१९१.१३
२२२१३	सवारी साधन मर्मत खर्च	२,७८२,०००.००	०.००	१,१०१,८५४.२६	३२०,३५६.८१	१,४२२,२११.०७	०.००	१,४२२,२११.०७	१,३५९,७८८.९३
२२२१४	बिमा तथा नवीकरण खर्च	१,८००,०००.००	०.००	१,२१९,१६०.७९	२७,१८१.२०	१,२४६,३४१.९९	८०,०००.००	१,१६६,३४१.९९	५५३,६५८.०१
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	३००,०००.००	०.००	९४,०६१.२०	६,१०२.००	१००,१६३.२०	०.००	१००,१६३.२०	१९९,८३६.८०
	कुल जम्मा	१३१,८३४,०००.००	०.००	४८,९५३,८६७.५०	३,५५३,१२६.४६	५२,५०६,९९३.९६	७४२,०००.००	५१,७६४,९९३.९६	७९,३२७,००६.०४
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)								

ं सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको र	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	२००,०००.००	०.००	४२,७२०.००	९००.००	४३,६२०.००	०.००	४३,६२०.००	१५६,३८०.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	२,८५०,०००.००	०.००	१,५०५,२८३.७०	९९,६०३.५०	१,६०४,८८७.२०	२५,०००.००	१,५७९,८८७.२०	१,२४५,११२.८०
२२३१३	पुस्तक तथा सामग्री खर्च	२००,०००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	०.००	१०,३००.००	१८९,७००.००
२२३१४	इन्धन - अन्य प्रयोजन	१४०,०००.००	०.००	८१,०००.००	०.००	८१,०००.००	८१,०००.००	०.००	५९,०००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१,७८०,०००.००	०.००	९,२५०.००	०.००	९,२५०.००	०.००	९,२५०.००	१,७७०,७५०.००
२२४११	सेवा र परामर्श खर्च	२००,०००.००	०.००	१६२,७२०.००	२१,४७०.००	१८४,१९०.००	०.००	१८४,१९०.००	१५,८१०.००
२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	१,८००,०००.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	०.००	३५७,९८४.००	१,४४२,०१६.००
२२४१३	करार सेवा शुल्क	२२२,०००.००	०.००	८४,०००.००	०.००	८४,०००.००	०.००	८४,०००.००	१३८,०००.००
२२५२२	कार्यक्रम खर्च	११,३२०,०००.००	०.००	१,७८५,६५५.२४	५३९,९४४.३०	२,३२५,५९९.५४	५१६,०००.००	१,८०९,५९९.५४	८,९९४,४००.४६
२२५२९	विविध कार्यक्रम खर्च	८५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	८५०,०००.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	४००,०००.००	०.००	०.००	३०,४१०.००	३०,४१०.००	०.००	३०,४१०.००	३६९,५९०.००
२२६१२	भ्रमण खर्च	४७६,०००.००	०.००	१९०,७२४.००	०.००	१९०,७२४.००	०.००	१९०,७२४.००	२८५,२७६.००
२२७११	विविध खर्च	१,७११,०००.००	०.००	१,३७७,२२०.०६	३५,२७७.००	१,४१२,४९७.०६	०.००	१,४१२,४९७.०६	२९८,५०२.९४
२८१४२	घर भाडा	१९,३५६,०००.००	०.००	६,४५१,९२०.००	१,६१२,९८०.००	८,०६४,९००.००	०.००	८,०६४,९००.००	११,२९१,१००.००
	कुल जम्मा	१३१,८३४,०००.००	०.००	४८,९५३,८६७.५०	३,५५३,१२६.४६	५२,५०६,९९३.९६	७४२,०००.००	५१,७६४,९९३.९६	७९,३२७,००६.०४
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)								

तयार गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

प्रमाणित गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

१३. तोकिए बमोजिमका अन्य विवरण :

- मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन तथा अनुसन्धानसम्बन्धी जिम्मेवारी तोकिएको,
- आयोगका सबै कार्यालयहरुका सूचना अधिकारीहरूलाई सूचना प्रकाशन गर्न पत्राचार गरिएको,
- सबै कार्यालयका सूचना अधिकारीहरूको नाम आयोगको वेबसाइटमा राखिएको ।

१४. वेबसाइटको विवरण : www.nhrcnepal.org

१५. प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौताको विवरण :

- UNDP सँग March 2016 मा आयोगको रणनीतिक योजना (Strategic Plan Support Project - SPSP) मा हस्ताक्षर भई हालसम्म कार्यान्वयनमा रहेको ।

१६. सञ्चालित कार्यक्रम र सो को प्रगति प्रतिवेदन :

क्र. स.	कामको प्रकृति	सङ्ख्या	विषय	कैफियत
१. मानव अधिकार संरक्षण				
१.१	उजूरी	१०१	▪ राजनीतिक तथा नागरिक अधिकार ▪ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार ▪ यातनाविरूद्धको अधिकार ▪ महिला अधिकार ▪ बाल अधिकार ▪ जातीय विभेदविरूद्धको अधिकार ▪ अपाङ्गता भएका व्यक्तिको अधिकार ▪ व्यक्ति बेपत्ता पार्ने कार्यविरूद्धको अधिकार ▪ आप्रवासी कामदार र तिनका परिवारको अधिकार	

१.२	अनुगमन	२१४	▪ राजनीतिक तथा नागरिक अधिकारः समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्यायप्रशासन आदि ▪ आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारः स्वास्थ्यको अधिकार, सीमा क्षेत्रका वासिन्दाहरूको मानव अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि ▪ जेष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्था आदि ।	
१.३	अनुसन्धान	५०३	▪ नागरिक तथा राजनीतिक अधिकारः जीवनको अधिकार, यातना, बेपत्ता, बलात्कार ▪ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, ▪ महिला अधिकार, बाल अधिकार, जातीय विभेदविरुद्धको अधिकार आदि ।	
१.४	निणर्य/सिफारिस	४१४	राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार आदि ।	
२. मानव अधिकार संवर्द्धन				
२.१.	प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरी, प्रदर्शनी आदि	१७१	मानव अधिकारको अवस्था, शान्ति-सुरक्षा र बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, स्थानीय निकायमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, कोभिड-१९ र स्वास्थ्यको अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार, विश्वव्यापी आवधिक समीक्षा, आयोगको सिफारिस कार्यान्वयन, कानुनमा संशोधन आदि ।	
३. प्रकाशन				
३.१	प्रतिवेदन, जर्नल, पुस्तक, ब्रोसर	९	प्रतिवेदन, पुस्तिका, जर्नल आदि	
३.४	प्रेस विज्ञप्ति र प्रेस नोट	३०	मानव अधिकारका विविध विषयहरू	
४. मानव संसाधन				
५.१	अध्यक्ष	१		
	सदस्य	४		

५.२	कर्मचारी	२२१	आयोगका सम्पूर्ण कार्यालयमा कार्यरत	

१७. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली :

क्र. सं.	सूचनाको विवरण	सूचना प्रवाह गर्नु नपर्नाको कारण	महल ३ मा उल्लेखित कारण ऐनको दफा ३ को उपदफा ३ सँग सम्बन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
१	नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने प्रकृतिका तथ्यहरू फेला पारेको र त्यस्तो विषय संलग्न भएको अनुगमन प्रतिवेदन ।	नेपालको सार्वभौमसत्ता, अखण्डन, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने भएकोले ।	(क)	१० वर्ष	
२	मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन तथा अनुसन्धानसँग सम्बन्धित तथ्य र विवरण ।	मानव अधिकार उल्लङ्घनको अनुसन्धान, तहकीकात तथा अभियोजनमा असर पर्न सक्ने भएकोले ।	(ख)	१० वर्ष	
३	आयोगले आन्तरिकरूपमा अनुसन्धान गरिरहेको विषय ।	अनुसन्धानको गोपनीयतामा असर पर्ने भएकाले ।	(ग)	अनुसन्धान सम्पन्न नभएसम्म	
४	जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने तथ्यहरू समेटिएको अनुगमन प्रतिवेदन ।	जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने भएकोले ।	(घ)	१० वर्ष	
५	उजुरीकर्ताको विवरण र उजुरीको विषय तथा छानविन तहकीकात सम्बन्धी विवरण ।	छानविन, अनुसन्धान एवम् तहकिकातमा असर पर्न सक्ने भएकोले	(ख) र (ङ)	१० वर्ष	

१८. आयोगमा परेका सूचना मागसम्बन्धी निवेदनको विवरण :

सि. नं.	सूचना माग गर्नेको नाम	माग गरेको सूचनाको विषय	माग गरेको मिति	सूचना उपलब्ध गराएको मिति	कैफियत
१	भिमप्रसाद पुनको पुनरावेदन सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट प्राप्त आदेश कार्यान्वयनसम्बन्धी पत्र	आयोगबाट सूचना प्राप्त नभएको भन्ने गुनासोसहितको पुनरावेदन सम्बन्धमा आयोगसँग जानकारी माग गरिएको ।	२०७९/०७/१६	२०७९/०७/२०, र माघ १०	

१९. अन्यत्र प्रकाशन भएका सूचनाहरूको विवरण :

- आयोगका सबै प्रतिवेदन, सूचना र प्रेस विज्ञप्तिहरू आयोगको वेवसाइट www.nhrcnepal.org ,आयोगको Facebook:https://www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal-306820312685490/ Twitter: https://twitter.com/NepalNHRC र Youtube: https://www.youtube.com/channel/UCxUHiAmVFDviisfXadW8oVA मा हेर्न सकिने व्यवस्था रहेको ।

दुर्गा पोखरेल
सहायक सूचना अधिकारी

झङ्करबहादुर रावल
सूचना अधिकारी

मिति : २०७९ माघ १५ गते ।